**विषय: *Workday* मा स्वागत छ !**

*Universities of Wisconsin* मा अब *Workday* शुरू भएको छ ! *MyUW* मा रहेको नयाँ बाकस मार्फत तपाईंले *Workday* सम्म पुग्न सक्नुहुन्छ। यस नयाँ प्रणालीले सबै १३ विश्वविद्यालयहरूमा अर्थ, मानव संसाधन र अनुसन्धान प्रशासन प्रक्रियाहरूलाई अझै एकनासको र दक्ष बनाउन सहयोग गर्नेछ। प्रत्येक *UW* कर्मचारीले आफ्ना विभिन्न कामहरूका लागि *Workday* चलाउनेछन्, जसले कामहरूलाई अझ सजिलो र जोडिएको बनाउन सहयोग गर्नेछ।

शुरू गर्ने सबैभन्दा राम्रो तरिका भनेको आफैँले *Workday* चलाउन थाल्नु हो। हामी आशा गर्दछौं कि तपाईंलाई यो चलाउन सजिलो हुनेछ। प्रणालीसँग परिचित हुन सहयोग गर्न, हामी यी विषयहरूबाट शुरू गर्न सिफारिस गर्दछौं:

***Workday* मा थाहा पाउनुपर्ने र हेर्नुपर्ने १० मुख्य कुराहरू**

१. *Workday* को परिचय (*Getting to know Workday*)
२. बिदा व्यवस्थापन (*Managing Time Off*)
३. समय राख्ने सुझावहरू (*Timekeeping Tips*)
४. सुविधाहरू र मेरो बीमा सुविधाहरू (*Benefits and My Insurance Benefits*)
५. खर्च रिपोर्ट बुझाउने (*Submitting Expense Reports*)
६. खरिद गर्ने (*Making a Purchase*)
७. *UW* हरू भरि कामको अवसर भेट्टाउने (*Finding Job Opportunities throughout the UWs*)
८. *Workday* शिक्षाको परिचय (*Introducing Workday Learning*)
९. आफ्नो पेचेक बुझ्ने (*Understanding Your Paycheck and Payslip*)
१०. *Workday* वेबसाईट – सहयोगी गाइडहरू, समर्थनका स्रोतसाधनहरू, *GetHelpUW* र स्रोतसाधनहरू (*Workday Website – How-to Guides, Job Aids, GetHelpUW, and Resources*)

**म्यानेजरहरूका लागि** यदि तपाईं म्यानेजर हुनुहुन्छ भने, *Workday* वेबसाईटमा तपाईंको लागि पनि एक खण्ड छ, https://www.wisconsin.edu/workday/workday-for-managers/। यसले **मेरो टोली व्यवस्थापन ड्यासबोर्ड (*My Team Management Dashboard*) को** बारेमा, कसरी बिदा स्वीकृत गर्ने र म्यानेजरहरूका लागि सिफारिश गरिएको कार्यहरूको सूचीको जानकारी समावेश गर्दछ।

**सहयोग आवश्यक छ?**
यदि तपाईंलाई थप समर्थन आवश्यक भएमा *Workday* वेबसाईटको *GetHelpUW* खण्ड हेर्नुहोला, https://www.wisconsin.edu/workday/get-help/। तपाईंले सहयोगको अनुरोध पठाउन सक्नुहुन्छ (यसलाई "टिकेट" भनिन्छ) र तपाईंले आफ्नो अनुरोधको प्रगति कहाँ पुग्यो हेर्न सक्नुहुन्छ।
हामीले बुझेका छौं कि नयाँ प्रणाली सिक्न सबैलाई समय र धैर्यता आवश्यक हुन्छ। हामी तपाईंको सहकार्य प्रति आभारी छौं र हामी सबै *Workday* चलाउन सिक्ने क्रममा समर्थन गर्नका तयार छौं।

*On Wisconsin*!

Patrick

**Patrick Sheehan** \ he, him, his \ **संयुक्त उपकुलपति तथा प्रमुख मानव संसाधन अधिकारी**
मानव संसाधन कार्यालय \ *University of Wisconsin–Madison*
608-262-3927 \ patrick.sheehan@wisc.edu \ hr.wisc.edu
21 N. Park St. \ Ste. 5101 \ Madison, WI \ 53715